# विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०७८

**प्रस्तावना**

विद्यालय बाहिर रहेका आर्थिक रूपले विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाहरुको विद्यालयमा पहुँच बढाउन तथा भर्ना भएका सबै बालबालिकालाई विद्यालयमा टिकाइ राख्न र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि विद्यालय जाने उमेरका लक्षित समूहका बालबालिकाहरूलाई विगतदेखि प्रदान गर्दै आएको छात्रवृत्तिलाई विपन्न लक्षित गर्दै अति आवश्यक भएका वर्गलाई छात्रवृत्ति उपलब्ध गराउन खास गरी माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि प्रदान गरिने विपन्न लक्षित छात्रवृत्तिको वितरण व्यवस्थापनलाई प्रभावकारी बनाउन अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ४१ बमोजिम यो मापदण्ड तयार गरिएको हो ।

## परिच्छेद १

**संक्षिप्त नाम र प्रारम्भः–**

१.१ यस मापदण्डको नाम विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०७८ रहने छ ।

१.२ यो मापदण्ड तुरून्त लागू हुने छ ।

१.३ यो मापदण्ड नेपालभरका सबै सामुदायिक विद्यालयको हकमा लागू हुने छ ।

## परिच्छेद २

**परिभाषा र व्याख्याः–**

२. विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा

२.१ मन्त्रालय भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

२.२ केन्द्र भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ ।

२.३ बोर्ड भन्नाले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत स्थापना भएको गरिब घर परिवार सहयोग समन्वय बोर्ड वा सो बोर्डको कार्य हेर्न तोकिएको निकायलाई सम्झनु पर्छ ।

२.४ विपन्न लक्षित छात्रवृत्ति' भन्नाले यस मापदण्डले तोके अनुसारको निश्चित प्रक्रियाको आधारमा वा नेपाल सरकार वा गरिवी तथा सहकारी मन्त्रालयवाट वितरण गरिएको गरिबी परिचयपत्र प्राप्त विद्यार्थीहरु वा गरिबी परिचयपत्र प्राप्त परिवारका छोराछोरीहरुलाई माध्यमिक तहमा प्रदान गरिने छात्रवृत्ति भन्ने सम्झनु पर्छ ।

## परिच्छेद ३

**विपन्न लक्षित छात्रवृत्तिका उद्देश्यहरुः–**

३.१ विद्यालय शिक्षामा समतामूलक पहुँचका लागि आर्थिक रुपमा विपन्न वर्गका विद्यार्थीहरु पहिचान गरी छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गर्ने ।

३.२ तोकिएका आधारमा विपन्न लक्षित छात्रवृत्ति वितरणको व्यवस्था मिलाउने ।

३.३ छात्रवृत्ति वितरणमा संलग्न निकायहरुको काम कर्तव्य तथा भूमिका परिभाषित गर्ने ।

## परिच्छेद ४

**छात्रवृत्तिका लागि विद्यार्थी छनौट तथा वितरण सम्बन्धी संरचनात्मक व्यवस्थाः–**

**४.१. विपन्न लक्षित छात्रवृत्ति निर्देशक तथा समन्वय समितिः–**

नेपाल सरकारद्धारा प्रदान गरिने विपन्न लक्षित छात्रवृत्तिको काममा समन्वय र निर्देशनका लागि देहाय बमोजिमको विपन्न लक्षित छात्रवृत्ति निर्देशक तथा समन्वय समिति रहनेछ ।

| | |
|---|---|
| क) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | अध्यक्ष |
| ख) सदस्य सचिव, विश्वविद्यालय अनुदान आयोग | सदस्य |
| ग) सदस्य सचिव, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद | सदस्य |
| घ) महानिर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र | सदस्य |
| ङ) सहसचिव, योजना तथा अनुगमन महाशाखा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| च) सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| छ) सहसचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सदस्य |
| ज) उपमहानिर्देशक, शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र | सदस्य-सचिव |

४.१.१ समितिले आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

४.१.२ समितिले आफ्नो कार्यविधि आफैले निर्माण गरी कार्यान्वयनमा ल्याउनेछ ।

**४.१.३ समितिको काम, कर्तव्य र अधिकारः–**

(1) छात्रवृत्तिको वितरण सम्बन्धी नीति निर्माण गर्ने र नीतिगत विषयमा निर्देशन दिने ।

(2) विद्यालय तह, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र विश्वविद्यालयहरुबाट वितरण गरिने छात्रवृत्तिसँग सम्वन्धित काममा समन्वय गर्ने र एकरुपता कायम गर्ने ।

(3) प्रदेश र स्थानीय तहबाट व्यवस्थापन गर्ने छात्रवृत्ति सम्बन्धी विषयमा समय समयमा समीक्षा गरी आवश्यक सुझाव दिने ।

(4) विपन्न लक्षित छात्रवृत्तिसम्बन्धी कार्यन्वयनका अन्य आवश्यक विषयमा निर्देशन दिने तथा समन्वय र सहजीकरण गर्ने ।

**४.2 छात्रवृत्ति सहजीकरण तथा व्यवस्थापन समितिः–**

सामुदायिक विद्यालयमा कक्षा ९ देखि १२ मा अध्ययनरत विद्यार्थीहरुका लागि प्रदान गरिने विपन्न लक्षित छात्रवृति कार्यक्रमको कार्यान्वयनमा विपन्न विद्यार्थी छनौट तथा उनीहरुलाई छात्रवृत्ति वितरणमा सहजीकरण तथा प्रविधिक सहयोग गर्नका लागि देहाय बमोजिमको छात्रवृत्ति सहजीकरण तथा व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| (क) महानिर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र | संयोजक |
| (ख) उपमहानिर्देशक (समावेशी शिक्षा शाखा हेर्ने),शिक्षा तथा मानव स्रोत विकास केन्द्र | सदस्य |
| (ग) उपसचिव, विद्यालय शिक्षा शाखा, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| (घ) निर्देशक, योजना तथा अनुगमन शाखा, शिक्षा तथा मानव स्रोत विकास केन्द्र | सदस्य |
| (ङ) निर्देशक, शैक्षिक सूचना व्यवस्थापन, शिक्षा तथा मानव स्रोत विकास केन्द्र | सदस्य |
| (च) प्रतिनिधि, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सदस्य |
| (छ) छात्रवृत्ति हेर्ने अधिकृत प्रतिनिधि, विश्व विद्यालय अनुदान आयोग | सदस्य |
| (ज) छात्रवृत्ति हेर्ने अधिकृत प्रतिनिधि, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद | सदस्य |
| (झ) निर्देशक, समावेशी शिक्षा शाखा, शिक्षा तथा मानव स्रोत विकास केन्द्र | सदस्य सचिव |

४.२.१ समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विज्ञ तथा कर्मचारीहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

४.२.२ समितिले बैठक सञ्चालन तथा मापदण्ड आफैले निर्माण गरी कार्यान्वयनमा ल्याउनेछ ।

४.२.३ समितिले प्राविधिक कार्यका लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

**४.२.४ सहजीकरण तथा व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकारः–**

(1) विद्यालय तहको विपन्न लक्षित छात्रवृत्तिसम्बन्धी नीति तथा मापदण्ड र वितरण प्रक्रिया निर्माण गरी स्वीकृतिका लागि मन्त्रालयमा पेस गर्ने र स्वीकृत नीति तथा मापदण्ड र वितरण प्रकृयालाई कार्यान्वयनमा लैजाने

(2) छात्रवृत्तिका लागि विपन्न विद्यार्थी छनोटका लागि Proxy Mean Testing को सूचकसहितको सफ्टवेयर विकास गर्ने ।

(ग) विद्यार्थी छनौटको आधार तथा वितरण प्रक्रिया तथा मापदण्डका आधारमा विपन्न लक्षित छात्रवृत्ति वितरणका लागि आवेदन माग गरी विपन्न विद्यार्थी छनोट गर्ने।

(घ) विपन्नताको आधारमा तयार भएको सम्भावित लाभान्वितको सूचीमा छनोट भएका विद्यार्थीहरुको प्रमाणीकरण गरी स्थानीय तह अनुसारको छात्रवृत्ति पाउन योग्य विद्यार्थीहरुको सूची सम्वन्धित स्थानीय तहहरुमा पठाउने ।

(ङ) विपन्न लक्षित छात्रवृत्तिका लागि विद्यार्थी छनोटका सम्बन्धमा विद्यार्थीहरुको पीरमर्का सम्बन्धी उजुरीहरु छानवीन गरी निर्णय दिने प्रक्रिया या निर्धारण गर्ने।

(च) सम्बन्धित स्थानीय तहहरु तथा उनीहरुको वडा तहमा आवेदक विद्यार्थी, सरोकारवाला सबैले देख्ने गरी छनोट सूचीको सूचना टाँस गर्न लगाउने।

(छ) विपन्न लक्षित छात्रवृत्तिका लागि छनोट भएका विद्यार्थीहरुको छात्रवृत्ति वापतको रकम निकासाका लागि स्थानीय तहमा सिफारिस गर्ने ।

(ज) प्रदेश र स्थानीय तहबाट व्यवस्थापन गर्ने छात्रवृत्तिसम्बन्धी विषयमा समीक्षा गरी आवश्यक समन्वय र सहजीकरण गर्ने ।

(झ) छात्रवृत्ति वितरणका लागि विभिन्न निकायहरूसँग समन्वय कायम गर्ने।

(ञ) मापदण्ड अनुसारका कार्यहरुका लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

(ट) विद्यालय तहको छात्रवृत्तिसम्बन्धी अन्य आवश्यक विषयमा निर्देशन, सहयोग, समन्वय र सहजीकरण गर्ने ।

**परिच्छेद ५**

**विपन्न विद्यार्थी छनौट गर्ने आधार तथा प्रक्रियाः–**

५.१. सहकारी तथा गरिबी निवारण मन्त्रालय मार्फत गरिब घर परिवार सहयोग समन्वय बोर्डसँग समन्वय गरी गरिबी परिचयपत्र वितरण भएका जिल्ला स्थानका विद्यार्थीको लागि गरिबी कार्डमा उल्लेख भएको विपन्नताको आधारमा छात्रवृत्ति दिने व्यवस्था मिलाइनेछ।

५.२ बोर्डबाट गरिबी परिचयपत्र वितरण भएका जिल्लाको हकमा अध्ययनरत विद्यार्थीको कक्षाको पहिचान र परिवारले पाएको गरिबी परिचयपत्रको आधारमा निजको बैंक खातामा रकम निकासा गरिनेछ ।

माथि ५.१ मा उल्लेख भए अनुसार गरिबी सम्बन्धी परिचय पत्र वितरण नभएको जिल्ला वा स्थानका विद्यार्थीको हकमा केन्द्रले देहायको आधार र प्रकृया अपनाइ विद्यार्थी छनौट गर्नेछ ।

**(1) विद्यार्थी पहिचान फारामको विकास र प्रयोगः–**

साविकमा केन्द्रले प्रयोग गर्दै आएको अनुसूची १ बमोजिमको गरिबी पहिचान फाराम आवश्यकता र औचित्यताको आधारमा परिमार्जन गरी विपन्न विद्यार्थी पहिचान गर्न प्रयोग गरिनेछ।

**(2) सफ्टवेयरको विकास र प्रयोगः–**

विपन्न विद्यार्थी पहिचानको लागि केन्द्रले Proxy Mean Testing को सूचकसहितको सफ्टवेयर विकास र प्रयोग गर्नेछ । उक्त सफ्टवेयरमा विद्यार्थीहिरुको विवरण कम्प्युटर प्रविष्टिको लागि यसलाई विद्यालय तहको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आबद्ध गरी तथ्याङ्क सङ्कलनको व्यवस्था गरिनेछ ।

**५.३ फाराम भर्ने भराउने प्रक्रियाः–**

(क) विपन्न लक्षित छात्रवृत्तिक लागि विद्यार्थी छनौट गर्ने केन्द्रले सामुदायिक विद्यालयमा कक्षा ८ र १० मा अध्ययनरत विद्यार्थीहिरुबाट Proxy Mean Testing फाराम भर्ने सूचना प्रकाशन गर्नेछ।

(ख) सम्बन्धित सामुदायिक विद्यालयहरुले केन्द्रको वेभसाइटबाट फाराम डाउनलोड गरी प्रिन्ट गराइ सम्बन्धित विद्यार्थीहिरुलाई फाराम भराउन लगाउनु पर्नेछ।

(ग) विद्यार्थीहरुले विद्यालयले उपलब्ध गराएको फाराम भरी आफ्नो अभिभावकबाट प्रमाणित गराइ विद्यालयमा बुझाउनु पर्नेछ।

(घ) सम्बन्धित विद्यालयका प्रधानाध्यापकले आवेदक विद्यार्थीहरुले आफ्ना अभिभावकबाट प्रमाणित गरी ल्याएको फारामहरु विद्यार्थीको नजिकै घर वा बसाई भई सम्वन्धित विद्यालयमा अध्यापन गर्ने शिक्षकवाट स्थलगत रुपमा परीक्षण तथा रुजू गर्न लगाई उक्त विवरण ठीक भएको लिखित प्रमाणिकरण गराई प्रधानाध्यापकले समेत प्रमाणित गरी एकमुष्ट रुपमा जम्मा गरी सम्बन्धित स्थानीय तहबाट प्रमाणित गराई विद्यालयमा अभिलेख राख्नुपर्ने छ।

(ङ) विद्यालयहरुले उक्त फारामहरु आ-आफ्नो एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको गरिबी पहिचान टेमप्लेटमा प्रविष्टि गराउनु पर्नेछ।

**५.४ विद्यार्थी छान्ने आधारः–**

केन्द्रले विद्यालयहरुबाट एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको गरिबी पहिचान टेमप्लेटमा प्राप्त विवरणहरुको देहायका आधारमा विश्लेषण गरी विद्यार्थी छनौट गर्नेछ।

(क) विज्ञान विषयका अध्ययनका लागि थप रकम दिने सम्वन्धमा कक्षा ११ र १२ मा ५/५ क्रेडिट आवरको जीव विज्ञान, रसायन विज्ञान र भौतिक विज्ञान विषय लिइ अध्ययन गर्ने तथा विद्यालय तहको प्राविधिक धारमा अध्ययनरत छात्रछात्राहरुमध्ये छात्राहरुको हकमा तेस्रो क्वाइन्टाइल (१०४७.४० सम्म अंक प्राप्त गर्ने) सम्म र छात्रहरुको दोस्रो क्वाइन्टाइल (१०१९.१० सम्म अंक प्राप्त गर्ने) सम्म छात्रवृत्ति प्राप्त गर्न योग्य हुने छन् भने अन्य विषयको कक्षा ११ को हकमा प्रथम क्वाइन्टाइल (९८६.५सम्म अंक प्राप्त गर्ने) सम्मको विद्यार्थीहरु छात्रवृत्ति प्राप्त गर्न योग्य हुने छन्।

(ख) कक्षा ९ र १० मा प्रथम क्वाइन्टाइल (९८६.५ सम्म अंक प्राप्त गर्ने) मा पर्ने विद्यार्थीहरु विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्न योग्य हुने छन्।

(ग) तल्लो कक्षामा छात्रवृत्ति पाएका विद्यार्थीहरू माथिल्लो कक्षामा नियमित रूपमा अध्ययन गरिरहेको भएमा सम्बन्धित विद्यालयको सिफारिसका आधारमा स्थानीय तहले विद्यार्थीको बैंक खातामा छात्रवृत्ति रकम उपलब्ध गराउने छ।

५.५ केन्द्रले गरिबी पहिचान फारम विश्लेषण गरी विद्यार्थीले प्राप्त गरेको क्वाइन्टाइलको आधारमा सबैभन्दा विपन्न देखिएका मध्येबाट विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थीहरुको स्थानीय तह अनुसारको भिन्दा भिन्दै प्रारम्भिक सूची प्रकाशन गर्नेछ।

५.६ यसरी छनौट भएका विद्यार्थीहरुका अलावा केन्द्रले तोकिएको पद्धतिवाट निश्चित प्रतिशत आर्थिक विपन्नताको स्तर यकीन भएका विद्यार्थीहरुको स्थानीय अनुसारको भिन्दा भिन्दै प्रतिक्षा सूची प्रकाशन गरिनेछ। प्रारम्भिक सूचीमा भएका विद्यार्थीहरु छात्रवृत्ति प्रकृयामा आउन नसकेको खण्डमा प्रतिक्षा सूचीमा भएका मध्येवाट गरिबीको योग्यताक्रम अनुसार अन्तिम सूचीमा रहेका विद्यार्थीहरुलाई क्रमशः छात्रवृत्तिका लागि छनोट गरिनेछ। यसरी छनौट भएका विद्यार्थीहरुलाई केन्द्रले स्थानीय तहमा प्रमाणीकरणका लागि पठाउने छ।

५.७ स्थानीय तहले केन्द्रबाट प्राप्त विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीहरुको सूची विद्यालयको वेभसाइट वा सूचनापाटीमा सार्वजनिक गर्नु पर्नेछ।यस्तो सूची स्थानीय तहहरुको कार्यपालिकाको कार्यालय एवं वडाहरुमा सबैले देख्ने गरी टाँस गर्ने व्यवस्था गर्नु पर्नेछ। सम्बन्धित शैक्षिक संस्थाले स्थानीय तह मार्फत केन्द्रबाट प्राप्त अन्तिम सूचीअनुसारका छात्रवृत्ति पाउन योग्य विद्यार्थीहरुलाई बैंकमा व्यक्तिगत खाता खोल्न लगाई सोको विवरण सम्बन्धित स्थानीय तहमा पेस गर्न लगाउनु पर्नेछ।उक्त विद्यार्थीहरु विद्यालयमा भर्ना भई नियमित रुपमा अध्ययनरत गरे नगरेको तथा विद्यार्थीहरुको नाम थर सच्याउनुपर्ने भएमा सो समेत सच्याई प्रमाणित गरी केन्द्रमा जानकारी पठाउनु पर्नेछ।

५.८ यदि कुनै आवेदक विद्यार्थीलाई आफू छनोट सुचीमा पर्नु पर्ने वा अन्य कोही नपर्नु पर्ने व्यक्ति परेर अन्याय भएको भन्ने लागेमा सूचीको सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आफ्नो स्थानीय तहमा तोकिएको ढाँचामा गुनासो वा उजुरी दर्ता गर्न सक्नेछन्। सम्बन्धित स्थानीय तहले यसरी प्राप्त भएको गुनासो वा उजुरी छानवीन गरी आवेदन भएको मितिले ३० दिन भित्र उचित निर्णय दिनु पर्नेछ र सिफारिससहित केन्द्रमा पठाउनु पर्नेछ।

५.९ स्वीकृत बजेट तथा कार्यक्रमको आधारमा केन्द्रले विपन्न लक्षित छात्रवृत्ति पाउने विद्यार्थीहरुको संख्या यकिन गर्नेछ । स्थानीय तहले केन्द्रबाट प्राप्त सूची अनुसारका छात्रवृत्ति पाउन योग्य विद्यार्थीहरु मध्येबाट स्वीकृत कोटा भित्र रहने गरी विद्यार्थी छनौट तथा निजहरुलाइ बैंकमा खाता खोल्न लगाइ सो को विवरण सम्वन्धित स्थानीय तहमा पेश गर्न लगाउनु पर्नेछ ।

५.१० केन्द्रले छनौट भएका विद्यार्थीहरुको छात्रवृत्ति बापतको रकम वित्तीय हस्तान्तरण गरी स्थानीय तहहरुमा पठाउनेछ र स्थानीय तहहरुले वार्षिक रुपमा विद्यार्थीको बैंक खातामा छात्रवृत्ति प्रदान गर्नेछ ।

५.११ स्थानीय तहले विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुले बैंक खाता खोल्न अघि यस मापदण्डको अनुसूची २ बमोजिमको कबुलियतनामा अनिवार्य रुपमा भराउनु पर्नेछ ।

५.१२ छात्रवृत्तिको रकमः

(क) कक्षा ११ र १२ मा ५/५ क्रेडिट आवरको जीव विज्ञान, रसायन विज्ञान र भौतिक विज्ञान विषयमा अध्ययनरत छात्रछात्राहरु, विद्यालय तहको प्राविधिक धारमा अध्ययनरत छात्रछात्राहरुले वार्षिक रुपमा २४,००० का दरले छात्रवृत्ति पाउनेछन् तथा विज्ञान विषय बाहेक अन्य विषयमा अध्ययन गर्ने छात्रछात्राहरुले वार्षिक रुपमा १८,००० का दरले छात्रवृत्ति पाउनेछन् ।कक्षा ९ र १० मा छनौट भएका छात्रछात्राहरुले वार्षिक रुपमा ६,००० का दरले छात्रवृत्ति पाउनेछन् । छात्रवृत्तिको रकम केन्द्रले वार्षिक रुपमा परिमार्जन गर्न सक्नेछ ।

**५.१३ छात्रवृत्ति पाउन योग्य हुने अवस्थाः–**

(क) एक पटक विपन्न लक्षित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुले निजले मापदण्डमा तोकिए अनुसार माथिल्लो कक्षा अध्ययनको क्रममा अर्को सामुदायिक विद्यालयमा अध्ययन गर्न चाहेमा वा आफु अध्ययनरत भन्दा अन्यत्र जुनसुकै जिल्लाको विद्यालयमा अध्ययन गर्न चाहेमा पनि सो रकम उपलब्ध हुनेछ ।

**५.१४ छात्रवृत्ति पाउन योग्य नहुने अवस्थाः–**

देहायको अवस्थामा विद्यार्थी छात्रवृत्ति पाउन योग्य हुने छैन ।

(क) छात्रवृत्ति रकम निकासाको समयसम्म सामुदायिक विद्यालयमा नियमित अध्ययनरत नरहेमा ।

(ख गलत वा झुठा विवरण भरी फारम पेस गरेको प्रमाणित भएमा ।

(ग) विद्यार्थीले शिक्षा नियमावली तथा विद्यालयले बनाएको आचारसंहिता उल्लघंन गरेको प्रमाणित भएमा ।

## परिच्छेद ६

**विभिन्न निकायहरुको भूमिकाः–**

छात्रवृत्तिको प्रभावकारी व्यवस्थापनको लागि विभिन्न निकायहरुको भूमिका देहायअनुसार हुनेछ ।

**६.१. केन्द्रको भुमिकाः–**

(क) विपन्न लक्षित छात्रवृत्ति कार्यक्रम सम्बन्धमा सूचनाम ूलक सामाग्रीहरु विकास गरी प्रदेश, जिल्ला र स्थानीय तहसम्म समन्वय गरी प्रचार प्रसार गर्ने,

(ख) प्रत्येक वर्ष कक्षा ८ र १० मा विपन्न लक्षित छात्रवृत्ति पाउन इच्छुक विद्यार्थीहरुका लागि सूचना प्रकाशन गर्ने, विद्यालयबाट अनलाइन प्रविष्टि भएको विवरण संकलन गर्ने, विश्लेषण गर्ने, छनौट भएका विद्यार्थीहरुको सूची प्रकाशन गर्ने,

(ग) छात्रवृत्तिको कोटा यकिन गरी छात्रवृत्तिबाट लाभाविन्त हुन योग्य विद्यार्थीहरुको अन्तिम सूची प्रकाशन गर्ने र स्थानीय तहहरुलाई बजेट निकासा गर्ने ।

(घ) विपन्न लक्षित छात्रवृत्तिसँग सम्बन्धित कार्य गर्न कर्मचारीको क्षमता विकास तथा प्रोत्साहनसँग सम्बन्धित काम गर्ने,

(च) छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता अध्ययन अनुसन्धान गर्ने, सो प्राप्तिका आधारमा सुधार गर्दै लैजाने,

(छ) सम्पादित कार्यहरुको अनुगमन तथा निरीक्षण गर्ने,

(ज) एकीकृत शैक्षिक सूचना प्रणालीस ँग सम्वन्धित समस्याहरु सम्वन्धित शाखासँग समन्वय गरी निराकरण गर्ने,

(झ) कक्षा ९ र ११ मा छात्रवृत्ति पाएका र कक्षा १० र १२ मा अध्ययन गरिरहेका विद्यार्थीहरुका लागि सम्बन्धित स्थानीय तहमा छात्रवृत्तिको रकम पठाउने ।

**६.२ विद्यार्थीको भुमिकाः–**

(क) हाल कक्षा ८ तथा १० मा अध्ययन गरिरहेका र अर्को शैक्षिक वर्षमा कक्षा ९ र ११ मा अध्ययन गर्नका लागि छात्रवृत्ति पाउन इच्छुक गरिब तथा विपन्न विद्यार्थीहरुले केन्द्रबाट सूचना जारी भए पछि तोकिएको समयभित्र विद्यालयबाट उपलब्ध भएको गरिबी पहिचान फाराम भरी अभिभावकको दस्तखत गराई विद्यालयमा पेस गर्ने,

(ख) स्थानीय तहबाट प्रकाशित सूचीभित्र रही प्रमाणीकरणबाट योग्य भएका विद्यार्थीले जन्मदर्ता र एकीकृत शैक्षिक सूचना प्रणालीमा उल्लेख भएको विवरणका आधारमा विद्यालयबाट सिफारिस लिई सो का आधारमा तोकिएको बैंङ्कमा खाता खोल्ने र खाताको विद्यालयमार्फत स्थानीय तहमा पेस गर्ने,

(ग) छात्रवृत्तिबाट प्राप्त रकम पठन पाठनमा खर्च गर्ने/सदुपयोग गर्ने ।

(घ) छात्रवृति पाउन योग्य वद्यार्थी भएको परिचय पत्र सुरक्षित राख्ने र यस सम्वन्धि विवरण भर्दा बैककमा कारोवार गर्दा वा शैक्षिक तथ्याङ्क भर्दा सो अनुसारको विवरण मिल्ने गरी भर्ने ।

**६.३ अभिभावकको भूमिका०ः–**

(क) विद्यालयबाट प्राप्त गरिबी पहिचान फाराममा भएका सूचकहरुमा भएको विवरण तथ्यपरक रुपमा भरी दस्तखत गरी विद्यालयमा पेस गर्ने,

(ख) छात्रवृत्ति पाउने यकिन भएपछि विद्यालयको सिफारिसको आधारमा तोकिएको बैंङ्कमा विद्यार्थीको नाममा विद्यालयमा भरेको नाम र अन्य विवरण मिल्ने गरी खाता खोल्ने ।

(ग) छात्रवृत्तिबाट प्राप्त रकम पठन/पाठनमा खर्च गर्ने,

(घ) छात्रवृत्तिको विषयमा थप जानकारी आवश्यक परेमा विद्यालयमा सम्पर्क गर्ने ।

**६.४ विद्यालयको भुमिका०ः–**

(क) विद्यार्थीलाई गरिबी पहिचान फाराम डाउनलोड गरी भर्न लगाउने र रुजु गरी प्रमाणित गर्ने,

(ख) विद्यार्थीहरुले अभिभावकबाट प्रमाणित गरी पेश गरेको फारामहरु विद्यार्थीको नजिकै घर वा बसाई भई सम्वन्धित विद्यालयमा अध्यापन गर्ने शिक्षकवाट रुजु गरी प्रमाणित गर्न लगाउने,

(ग) अभिभावकवाट एवम् सम्वन्धित शिक्षकवाट प्रमाणित भएको फारमहरु प्रधानाध्यापकले प्रमाणित गरी आफ्नो एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको गरिबी पहिचान टेमप्लेटमा प्रविष्टि गर्ने र उक्त फारमहरु सुरक्षित राख्ने,

(घ) सम्बन्धित वडा/स्थानीय तहबाट प्रमाणीकरण गरिएको फाराम एकीकृत शैक्षिक सूचना प्रणालीमा अनलाइन प्रविष्टि गर्ने र उक्त फाराम सुरक्षित राख्ने,

(ङ) छनोट भएका सूची प्रकाशन भएपछि कुनै विद्यार्थीको जन्मदर्तामा भएको नाम र विद्यालयमा भएको नाम फरक पर्न गएमा विद्यालय स्वंयमले तोकिएको समयमा सच्याउने र सोको विवरण एकीकृत शैक्षिक सूचना प्रणालीमा अनलाइन प्रविष्टि गर्ने, तर परिचय पत्र वा कार्ड विद्यार्थीलाई दिइसकिएको अवस्थामा समन्वय इकाइको स्वीकृतिमा मात्र विवरण सच्याउन सकिने ।

(च) छात्रवृत्ति पाउने निर्णय भई नतिजा प्रकाशन भईसकेपछि एकीकृत शैक्षिक सूचना प्रणालीमा भरिएको विद्यार्थीसँग सम्बन्धित विवरणमा फरक नपर्ने गरी तोकिएको बैङ्कमा खाता खोल्न लगाउने,

(छ) जन्मदर्ताको आधारमा एकीकृत शैक्षिक सूचना प्रणाली विवरणमा मात्र छनौट भएका विद्यार्थीहरुको बैंङ्क खाता विवरण एकीकृत शैक्षिक सूचना प्रणालीमा अनलाइन प्रविष्टि गर्ने ।

(ज) एकाइवाट उपलब्ध गराएको परिचयपत्र वा कार्डको विद्यायालयमा समष्टिगत अभिलेख राखी विद्यार्थीलाई उपलब्ध गराउने ।

**६.५ स्थानीय तहको भूमिका०ः–**

(क) आफ्नो क्षेत्रभित्रका विद्यालयलाई गरिबी पहिचान फारम भर्न सूचना प्रवाह गर्ने तथा फाराम वितरणका लागि विद्यालयलाई निर्देशन दिने,

(ख) यदि कुनै आवेदक विद्यार्थीले आफू छनोट सुचीमा पर्नु पर्ने वा अन्य कोही नपर्नु पर्ने व्यक्ति परेर अन्याय भएको भनी प्रारम्भिक सूचीको सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा लिखित गुनासो वा उजुरी गरेमा उजुरीहरु बुझिलिने ।

(ग) प्राप्त उजुरी वा गुनासो उपर अध्ययन तथा छनविन गरी आवेदन दिएको मितिले ३० दिन भित्र उचित निर्णय दिने ।

(घ) छात्रवृत्तिका लागि आवेदन दिने विद्यार्थीहरुको विवरण विद्यालयबाट स्थानीय तहमा पेस गर्न लगाउने,

(ङ) छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीहरुको नाम, थर तोकिएको समयमा विद्यालयलाई सच्याउन लगाई अद्यावधिक गरी प्रमाणित गर्ने ।

(च) केन्द्रले निकालेको नतिजाका आधारमा विद्यार्थीहरु अध्ययनरत रहे नरहेको प्रमाणीकरण गर्ने ।प्रमाणीकरण भएका र छात्रवृत्ति पाउने कोटामा परेका विद्यार्थीहरुलाई खाता खोल्न लगाउने।

(छ) आफ्नो स्थानीय तहभित्रका छनौट भएका विद्यार्थीहरुको खाता विवरण विद्यालय मार्फत एकीकृत शैक्षिक सूचना प्रणाली मा प्रविष्टि गर्न लगाई संकलन गर्ने तथा प्रमाणित गरी अभिलेख व्यवस्थित गर्ने।

(ज) स्वीकृत प्राप्त कोटाका आधारमा एवम् छनौट भएका विद्यार्थीका संख्याका आधारमा विद्यार्थीको बैंङ्क खातामा रकम निकासा गर्ने।

(झ) निकासा भएको रकमका आधारमा प्रगति विवरण तयार गर्ने र केन्द्र तथा प्रदेशमा पठाउने।

**६.६ शिक्षा विकास तथा समन्वय इकाइको भुमिकाः–**

(क) अनलाइन फाराम भराउन विद्यालय तथा विद्यार्थीहरुलाई सूचना प्रवाह गर्ने,

(ख) छात्रवृत्ति व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयसँग समन्वय गर्ने,

(ग) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको विवरण संकलन, विश्लेषण र भण्डारण गर्ने र आगामी दिनमा प्रभावकारी रुपमा छात्रवृत्ति उपलब्ध गराउन गोष्ठी, छलफल, अन्तर्क्रिया गर्ने र सम्पादित कार्यहरुको प्रगति सम्बन्धित छात्रवृत्ति हेर्ने निकायमा पेस गर्ने ।

(घ) छनौट भएका विद्यार्थीलाई केन्द्रले तोके बमोजिमको नमूनामा नम्वर सहितको परिचय पत्र वा कार्ड उपलब्ध गराउने ।

**६.७ प्रदेशको भुमिकाः–**

(क) प्रदेशभित्र विपन्न लक्षित छात्रवृत्तिको प्रभावकारी वितरणका लागि समन्वय तथा सहजीकरण गर्ने,

(ख) कार्यान्वयनको अवस्थाको समयम समयमा अनुगमन गरी मन्त्रालय तथा स्थानीय तहलाई पृष्ठपोषण दिने ।

## परिच्छेद ७

**विविधः–**

**७.१ छात्रवृत्ति व्यवस्था समायोजन वा स्थगन गर्न सकिनेः–**

विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयनमा आएको जिल्ला तथा विद्यालयहरुमा आवश्यकता र औचित्यताको आधारमा विगत देखि प्रदान गरिदै आएको अन्य छात्रवृत्ति व्यवस्था समायोजन वा स्थगन गर्न सकिने छ ।

**७.२ शैक्षिक सत्र २०७७ मा केन्द्रबाट छनौट भई छात्रवृत्ति पाउन योग्य कक्षा ९ र ११ मा अध्ययनरत विद्यार्थीहरुको छात्रवृत्ति सम्बन्धी व्यवस्थाः–**

शैक्षिक सत्र २०७७ मा केन्द्रबाट छनौट भई छात्रवृत्ति पाउन योग्य कक्षा ९ र ११ मा अध्ययनरत विद्यार्थीहरुको छात्रवृत्तिको रकम शैक्षिक सत्र २०७८ मा सम्बन्धित स्थानीय तह मार्फत सम्बन्धित विद्यार्थीहरुको व्यक्तिगत बैंक खातामा जम्मा गरी वितरण गरिनेछ।

**७.३ अनुसूची सम्बन्धी व्यवस्थाः–**

केन्द्रले आवश्यकता अनुसार मापदण्डमा अनुसूची समावेश गर्न हटाउन तथा संशोधन गर्न सक्नेछ ।

**७.४ समायोजन गर्न सक्नेः–**

केन्द्रले विपन्न लक्षित छात्रवृत्तिको कार्यान्वयन गर्दा यस मापदण्डको भावना प्रतिकूल नहुने गरी छात्रवृत्तिलाई व्यवस्थित गर्न तोकिएको निकाय बाहेक अन्य निकायहरुसँग पनि सहकार्य गर्न तथा मापदण्डमा आवश्यक संशोधन गर्न सक्नेछ ।

**७.५ समिति सम्बन्धी व्यवस्थाः–**

विपन्न लक्षित छात्रवृत्तिलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न केन्द्रले आवश्यकता अनुसार समिति तथा उपसमिति बनाई जिम्मेवारी दिन सक्नेछ। सो समितिले केन्द्रले तोकेको कार्यशर्तको आधारमा काम गर्नु

पर्नेछ ।

**७.६ अनुगमनसम्बन्धी व्यवस्थाः–**

छात्रवृत्तिको उपलब्धता, प्रयोग, शैक्षिक निरन्तरता तथा शैक्षिक प्रगति सम्बन्धमा शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख तथा स्थानीय तहले आफैं वा आफ्नो जनशक्ति परिचालन गरी अनुगमन गर्न गराउन सक्नेछन् । केन्द्रले आगामी एक वर्षको अनुभव, स्थानीय तहवाट प्राप्त पृष्ठपोषण, सरोकारवाला विद्यार्थीहरुको गुनासो, तथा दक्षताको आधारमा प्रमाणिकरण सम्वन्धमा पुर्नविचार गर्न सक्नेछ।

**७.७ छात्रवृत्तिमा हेरफेर हुनेः–**

विपन्न लक्षित छात्रवृत्तिको लागि विनियोजित बजेटको उपलब्धताको आधारमा कतिसम्मको गरिबीमा परेको छात्रछात्राहरुलाई समेट्ने भन्ने अधिकार केन्द्रलाई हुनेछ ।

**७.८ खारेजी र बचाउः–**

(क) विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०७४ खारेज गरिएको छ ।

(ख) विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०७४ अनुसार भएका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची १

नेपाल सरकार,

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## सामुदायिक विद्यालयबाट कक्षा ८ र १० मा अध्ययनरत विद्यार्थीहरुले कक्षा ९ र ११मा आर्थिक अनुदान प्राप्त गर्न भर्नुपर्ने दरखास्त फाराम

**१. विद्यार्थीको विद्यालय संकेत नं:** ☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐ कक्षा:.........................................

**२. अङ्ग्रेजीमा : (in Capital Letters) :** ☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐

**३. लिङ्ग** :पुरुष☐ महिला☐ तेस्रो लिङ्गी☐ **४. जन्म मिति** :साल☐☐☐☐ महिना☐☐ गते ☐☐

**५. जाति/जनजाति** क. दलित☐ ख. जनजाति☐ ग.ब्राम्हण वा क्षेत्री☐ घ. अन्य☐

**६. शारिरिक सक्षमता** क.साङ्ग☐ ख.शारीरिक अ.☐ ग.मनोसामाजिक☐ घ.बहिरा ☐ ङ दृष्टिसम्बन्धी☐ च.श्रवण दृष्टिविहीनता ☐ छ.स्वर बोलाइ☐ ज.बहुअपाङ्गता ☐

**७. सम्पर्क फोन:**.................................................................................... **८. राष्टिय परिचयपत्र न:**

**९. बुबाको नाम र थर**................................................................. **१०. आमाको नाम र थर**...........................................

**११. परिवारमूलीको नाम र थर**................................................. **१२. बुबाको सम्पर्क नं** ...........................................

**१३. आमाको सम्पर्क नं**.............................................................. **१४. अविभावकको सम्पर्क नं**.......................................

**१५.अविभावक संगको नाता**........................................................ **१६. जम्मा परिवार संख्या**☐☐

**१७. दाजुभाइको संख्या**☐☐ **१८. दिदी बहिनीको संख्या**☐☐

**१९. सामुदायिकमा अध्ययन गर्ने दाजु भाइको संख्या** (५-१६वर्ष)☐☐ **२०. सामुदायिकमा अध्ययन गर्न दिदीबहिनीको संख्या**(५-१६ वर्ष)☐☐

**२१. संथागतमा अध्ययन गर्ने दाजु भाइको संख्या**(५- १६ वर्ष)☐☐ **२२. संथागतमाअध्ययनगर्ने दाजु भाइको संख्या**(५- १६)☐☐

**२३. विद्यालय नजाने दाजु भाइको संख्या**(५- १६ वर्ष)☐☐ **२४. विद्यालय नजाने दिदिवहिनीको संख्या**(५- १६ वर्ष)☐☐

**२५. विद्यार्थीको बुवाले हासिल गरेको शिक्षा**
- १.निरक्षर ........................................ ☐
- २.प्रा.वि तहभन्दा कम.............................. ☐
- ३.एस.एल.सी.भन्दा कम............................. ☐
- ४.एस.एल.सी. उत्तीर्ण ................................ ☐
- ५.प्रवीणता प्रमाणपत्र तह वा उमावि उत्तीर्ण......... ☐
- ६.स्नातक वा माथिल्लो तह उत्तीर्ण ......... ☐

**२६. विद्यार्थीको आमाले हासिल गरेको शिक्षा**
- १.निरक्षर ................................ ☐
- २.प्रा.वि तहभन्दा कम...................... ☐
- ३.एस.एल.सी.भन्द कम.......................... ☐
- ४.एस.एल.सी. उत्तीर्ण ........................ ☐
- ५.प्रवीणता प्रमाणपत्र तह वा उमावि उत्तीर्ण.. ☐
- ६.स्नातक वा माथिल्लो तह उत्तीर्ण ......... ☐

**२७. विद्यार्थीको अविभावकले हासिल गरेको शिक्षा**
- १.निरक्षर ........................................ ☐
- २.प्रा.वि तहभन्दा कम.................................. ☐
- ३.एस.एल.सी.भन्दा कम................................ ☐
- ४.एस.एल.सी. उत्तीर्ण ................................ ☐
- ५.प्रवीणता प्रमाणपत्र तह वा उमावि उत्तीर्ण.......... ☐
- ६.स्नातक वा माथिल्लो तहउत्तीर्ण ..................... ☐

**२८. गरिव परिचयपत्र नं (भएमा)**
- क. पहेंलो .............................. ☐
- ख. हरियो.............................. ☐
- ग.निलो................................. ☐
- घ. रातो................................. ☐

**२९. पारिवारिक मुख्य आयश्रोत**
- क. नोकरी.................................. ☐
- ख.कृषि..................................... ☐
- ग.भाडा..................................... ☐
- घ.बैदेशिक आय .......................... ☐
- ङ. व्यापार.................................. ☐

**३०. मुख्य आयश्रोत बाहेकका अन्य**
- क. नोकरी.................................. ☐
- ख.कृषि..................................... ☐
- ग.भाडा..................................... ☐
- घ.बैदेशिक आय .......................... ☐
- ङ. व्यापार.................................. ☐

**३१. वासस्थान**
- क.आफ्नो घर.................. ☐
- ख. भाडामा.................... ☐

**३२. घरको बाहिरी गाह्रोमा प्रयोग भएको प्रमुख निर्माण सामग्री :**
- १. बाहिरि भित्ता नभएको.................................... ☐
- २. काँचो ईंटा................................................ ☐
- ३. बाँस/स्याउला............................................. ☐
- ४. माटोको जोडाइ भएको ईंटाढुङ्गा.......................... ☐
- ५. सिमेन्टको जोडाइ भएको ईंटाढुङ्गा.......................... ☐
- ६. काठ........................................................ ☐
- ७. अन्य....................................................... ☐

**३३.घरको जग :**
- १. काठको खम्बा......................... ☐
- २.माटोको जोडाइ भएको.......... ☐
- ३.सिमेन्टको जोडाइ भएको.... ☐
- ४.ढलानपिलर सहितको..... ☐
- ५. अन्य ......... ☐

**३४. छानामाप्रयोग भएका निर्माण सामग्री**
- १. खर/पराल/छवाली........................................ ☐
- २. माटो........................................................ ☐
- ३. जस्ता/टिन/च्यादर....................................... ☐
- ४. काठ/फल्याक............................................. ☐
- ५. ढलानसिमेन्ट................................................ ☐
- ६. टायल वा खपडा वा झिगटी/ढुङ्गा........................ ☐
- ७.अन्य .................. ☐

**३५. चर्पी**
- १. चर्पी नभएको.............................................. ☐
- २. सामुदायिक सार्बजनिक चर्पी................................ ☐
- ३. साधारण घरायसी चर्पी..................................... ☐
- ४. फ्लस भएको चर्पी (सार्वजनिक ढलमा जोडिएको)........... ☐
- ५. फ्लस भएको चर्पी (सेप्टिक ट्याङ्कमा जोडिएको).. ☐

**३६. प्रकाशको व्यवस्था :**
- १. गोबर ग्याँस............................. ☐
- २. मट्टीतेल................................ ☐
- ३. सोलार .................................. ☐
- ४. बिजुली.................................. ☐
- ५. अन्य ................................... ☐

**३७. खाना पकाउन प्रयोग गरिएको चुलो :**
- १. स्टोभ चुलो (मट्टीतेल)...................................... ☐
- २. अगेना ....................................................... ☐
- ३. ग्याँस चुलो .................................................. ☐
- ४. माटोको चुलो ................................................ ☐
- ५.धुवाँरहित सुधारिएको/चुलो ................................ ☐
- ६. अन्य........................................................ ☐

**३८. खानेपानीको मुख्य स्रोत :**

**१.** खोला/इनार/कुवा..... ☐ **२.**मूल...... ☐ **३.**नदी...... ☐ **४.**अन्य स्रोत ....... ☐ **५.** घर बाहिर पाइपबाट आउने.... ☐ **६.**घर आँगनभित्रै पाइपबाट आउने..... ☐

**७.**टयुबवेल/हाते पम्प.... ☐ **८.**ढाकिएको इनार...... ☐

**३९. टेलिफोन**
- १. तारफोन .................. ☐
- २. मोवाइलमात्र ............ ☐
- ३. तारफोन तथा मोवाइल.. ☐
- ४.माथिको कुनै नभएको .... ☐

**४०. केवल**
- १. केवल सहितको टेलिभिजन . .. ☐
- २. टेलिभिजन तर केवल नभएको. ☐
- ३.टेलिभिजन नभएको............. ☐

**४१. इन्टरनेट सेवा**
- १. डाटा इन्टरनेट.......... ☐
- २.अन्य इन्टरनेट सेवा..... ☐
- ३.कुनै नभएको ............ ☐

**४२. विगत एक वर्षभित्र तपाईको परिवारले वैदेशिक रोजगारीबाट रकम पाएको छ?**
- १. पाएको छ............ ☐
- २. पाएको छैन.......... ☐

**४३.स्थायी ठेगानाबाट स्वास्थ्य चौकीसम्म जान लाग्ने समय**
- १. आधा घन्टा वा सोभन्दा कम.... ☐
- २. आधा घन्टाभन्दाबढी........... ☐

**४४.स्थायी ठेगानाबाटअस्पतालसम्म जान लाग्ने समय**
- १. आधा घन्टा वा सोभन्दा कम..... ☐
- २. आधा घन्टाभन्दा बढी.............. ☐

**४५.स्थायी ठेगानाबाट पक्की सडकसम्म जान**
- १.आधा घन्टावा सोभन्दा कम. ☐
- २. आधा घन्टाभन्द बढी ....... ☐

**४६. स्थायी ठेगाना :**
- १. प्रदेशको नाम :..........................................
- २.जिल्लाको नाम :..........................................
- ३. गाउँपालिका/नगरपालिका :...............................
- ४. वार्ड नं :...................................................

**४७. अभिभावकको नाम**
- १.नाम........................
- २. सही......................

**४८.**विद्यालयको नाम..........................
- **१.** प्रध्यापकको नाम:..................
- **२.**प्रध्यापकको सही:..................

**विद्यालयको छाप**

४९.सम्वन्धित वडा वा स्थानीय तह (प्रमाणित गर्ने)
- १. नाम.......................
- २. सही........................

कार्यालयको छाप

**फोन नं : ०१-६६३८८५३/६६३१०७५वेबसाइट : www.cehrd.gov.np, www.facebook.com/inclusivedoe**

**अनलाईन फाराम प्रविष्टि गरेपछि यो फाराम विद्यालयले सुरक्षित राख्नु होला।**

अनुसूची २

**शिक्षा तथा मानवस्रोत विकास केन्द्र,**

**विद्यार्थी वित्तीय सहयोग कार्यक्रम, सानोठिमी भक्तपुर**

**"विद्यार्थी कबुलियतनामा"**

| SCHOOL EMIS ID. . . . . . . . . . . . . . . . . | Student EMIS ID. . . . . . . . . . . . |
|---|---|
| **विद्यालयको प्रयोजनको लागि मात्र** | |

म तपसिलको विद्यालयमा अध्ययनरत विद्यार्थी हुँ । विद्यार्थी वित्तीय सहयोग कार्यक्रमले बनाएका नियमहरु पालना गर्दै विपन्न लक्षित छात्रवृत्ति कार्यक्रममा सहभागी भएको छु । मैले भरेको पि.एम.टी फारममा उल्लेखित विवरण सही सत्य छन् । मैले पेश गरेको विवरण झुठ्ठा ठहरिएमा कुनै उजुर बाजुर गर्ने छैन र भविष्यमा समेत यस प्रकारको छात्रवृत्ति पाउन अयोग्य हुने कुरामा म सहमत छु ।

*विद्यालयले कवुलियतनामा भराउदा ध्यान दिनुपर्ने कुराहरू:*

(क) विद्यालयले छनोट भएका विद्यार्थीको विवरण निजको जन्मदर्ताको प्रमाणपत्रको आधारमा रुजु गरी एकिन गर्नुपर्नेछ ।

(ख) सामुदायिक विद्यालयले कक्षा ९ मा छात्रवृत्तिका लागि छनोट भएका पहिलो कुइन्टाइलमा पर्ने विद्यार्थीहरूलाई मात्र कवुलियतनामा गराई बैंकमा पठाउनु पर्नेछ ।

(ग) विद्यालयले कक्षा ११ मा छात्रवृत्तिका लागि छनोट भएका विद्यार्थीमध्ये विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई सबै कुइन्टाइल र अन्य विषय अध्ययन गर्ने विद्यार्थीहरूको हकमा पहिलो कुइन्टाइलमा पर्नेलाई मात्र कवुलियतनामा गराई बैंकमा पठाउनु पर्नेछ ।

**१. विद्यार्थीको विवरण**

(क) विद्यार्थीको नाम, ठेगाना.......................................................................................................

(ख)फाराम भरेको जिल्ला .................................... (ग) स्थानीय तहको नाम.........................................

(घ) फाराम भरेको विद्यालयको नाम ............................................................................................

(ङ) सम्पर्क नं ...........................................................................................................

**२. हाल अध्ययनरत विद्यालयको विवरण**

(क)अध्ययनरत कक्षा.........................(ख)जिल्ला ......................................

(ग) हाल अध्ययनरत विद्यालयको नाम,ठेगाना .....................................................................

(घ) स्थानीय तहको नाम........................................

(ङ) कक्षा ११/१२ पढ्दै गर्को विषय : विज्ञान ☐, अन्य ☐

(ङ)प्रधानाध्यापकको नाम .................................. हस्ताक्षर ...................... मिति.................................

विद्यालय को छाप

**३. बैक शाखा तथा खाताको विवरण (बैकको प्रयोजनको लागि मात्र)**

(क) बैकको नाम....................................................................

(ख) बैक शाखा....................................................................

(ग) वचत खाता नं ....................................................................

(घ)खाता खोलिएको मिति ...........................................(ङ)हस्ताक्षर .....................................

बैंकको छाप अनिवार्य

**४. उपलब्ध शैक्षिक अनुदानको सदुपयोग गर्नुपर्नेछ ।**

मिति ................।............।...........विद्यार्थीको हस्ताक्षर ...................................................

**नोट:**

१. विद्यार्थीले छात्रवृत्ति रकमको सदुपयोग गरेनगरेको सम्बन्धित प्र.अ.ले अनिवार्य अनुगमन गर्नुपर्नेछ ।
२. उक्त विवरणहरू प्रमाणित गरीसकेपछि विद्यार्थीहरूले हाल आफु अध्ययनरत विद्यालयमा बुझाउनु पर्नेछ ।
३. समयमा विवरण नभराई छात्रवृत्ति पाउन वन्चित भएमा विद्यार्थी तथा विद्यालय जवाफदेही हुनेछन् ।
४. विद्यालयहरूले उक्त विवरणहरू iemis.doe.gov.np मा अनलाइन प्रविष्टि पछि यो फाराम शिक्षा विकास तथा समन्वय इकाइमा अनिवार्य बुझाउनुहुन अनुरोध छ ।

**थप जानकारीका लागि**

फोन ०१-६६३८८५३/६६३१०७५

**www.cehrd.gov.np, www.facebook.com/inclusivedoe**